मानेभञ्ज्याङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानेभञ्ज्याङ, ओखलढुङ्गा

कोशी प्रदेश, नेपाल

प.सं. : २०७९/८०

च.नं.- 2422

मितिः २०८०/०३/०३

## विषय- भुक्तानी/निकासा बन्द हुने सम्बन्धमा

श्री सरोकारवाला सबै,

मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुङ्गा ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (१), (२) र (७) मा आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी/निकासा अनिवार्य बन्द गर्नुपर्ने व्यवस्था छ । सो अनुसार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) र CGAS प्रणालीले प्रणालीगत रुपमै खर्च गर्न (चेक काट्न/रकम भुक्तानी गर्न) नदिने र यो नियम गत आर्थिक वर्षदेखि कडाईपूर्वक लागू गरिएको सन्दर्भमा तथा आर्थिक वर्षको अन्तिम महिनामा आर्थिक कारोबारको उच्च चापका कारण भुक्तानी प्रणालीमा समस्य समेत उत्पन्न हुन सक्ने भएकाले यस कार्यालयबाट भुक्तानी पाउने सम्बन्धित सबैमा तपसिल बमोजिम गर्नु/गराउनु हुन अनुरोध छ ।

तपसिल-

१. गाउँपालिकाबाट विनियोजित आयोजना/कार्यक्रम (समानीकरण, आन्तरिक स्रोत र राजश्व बाँडफाँट) हरुको पेश्की फछ्र्यौट लगायतका भुक्तानीका फायल/कागजात असार २० (बीस) गते भित्र कार्यालयमा अनिवार्य पेश गरिसक्नुपर्नेछ ।

२. सशर्त संघीय तथा कोशी प्रदेश अन्तर्गतका आयोजना/कार्यक्रम (समपूरक र विशेष) हरुको पेश्की फछ्र्यौट लगायतका भुक्तानीका फायल/कागजात असार १५ (पन्ध्र) भित्रमा कार्यालयमा अनिवार्य पेश गरिसक्नुपर्नेछ ।

३. माथि उल्लिखित तोकिएको मितिभन्दा पछाडि प्राप्त हुने फायल/कागजातको कुनै प्राविधिक वा अन्य कुनै कारणले चालु आर्थिक वर्षभित्र भुक्तानी हुन नसकेमा कार्यालय जवाफदेही समेत नहुने सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

भोगबहादुर राई
लेखा अधिकृत (छैटौं तह)

छविलाल राई
प्रमुख प्रशासकीय अधिकृत

(छविलाल राई)
प्रमुख प्रशासकीय अधिकृत

व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन
http: www.manebhanjyangmun.gov.np, Email:-ito.manebhanjyangmun@gmail.com, ☎: 037-410065/67

CamScanner